# गण्डकी गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ९ | संख्याः ६ | मितिः २०८२/१०/२४


## भाग-२

## गण्डकी गाउँपालिका

### मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत पशुपालन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि -२०८२

प्रमाणीकरण मितिः२०८२/१०/२४

**प्रस्तावनाः** मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत पशुपालन प्रवर्द्धन कार्यक्रमका लाभग्राही कृषकहरुलाई पशुपालन सम्बन्धि विविध प्रविधि, दुधको उत्पाकत्व वृद्दि गरी आय आर्जन बढाउने तथा डेरी सञ्चालन गरी उत्पादित दुधको संकलन तथा बजारिकिरण गर्ने अभिप्रायले कार्यक्रम स्वीकृत भए बमोजिम पशुपालन प्रवर्द्धनकार्यक्रम सञ्चालन गर्न यो पशुपालन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ तर्जुमा गरी लागु गरिएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "**मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत पशुपालन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि -२०८२**" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः** (१) विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **पशुपालन प्रवर्द्धन** भन्नाले पशुपालन गरी दुधमा आत्मनिर्भर भई आयआर्जनमा सुधार सम्झनुपर्दछ।

(ख) **पशुपालन प्रवर्द्धन कार्यक्रम** भन्नाले गण्डकी गाउँपालिकाका सम्पूर्ण पशुपालक कृषक समुह, सहकारी, पशुपालक कृषकहरुले पशुपालन गरी दुधमा आत्मनिर्भर तथा आयआर्जनमा सुधार ल्याउन योगदान पुर्याउने सम्झनुपर्दछ।

(ग) **गाउँपालिका** भन्नाले गण्डकी गाउँपालिका सम्झनुपर्दछ।

(घ) **कृषक** भन्नाले गण्डकी गाउँपालिका अन्तर्गत कार्यक्रमबाट सेवा प्राप्त गर्ने पशुपालक कृषक सम्झनुपर्दछ।

(ङ) **कार्यक्रम** भन्नाले यस कार्यविधि अनुरुप सञ्चालन गरिने पशुपालन प्रवर्द्धन कार्यक्रमलाई सम्झनुपर्दछ।

**३. उद्देश्यः** (१) यस कार्यविधिका देहाय बमिजिम उद्देश्यहरु रहनेछन्।

(क) दुधको उत्पादकत्व वृद्धि गरी कृषकहरुको आयआर्जनमा वृद्धि गर्ने।

(ख) उन्नत जातको गाई भैंसी मार्फत नश्ल सुधार तथा गाई भैंसी पालन गरी उत्पादनमा सहयोग पुर्याउने।

(ग) उत्पादित दुधको संकलन गरी बजारिकिकरण गर्ने।

**४. कार्यक्रम विवरणः** (१) यो कार्यक्रम गण्डकी गाउँपालिकाका सम्पूर्ण वडाहरुमा सञ्चालन गरिनेछ।

(२) यो कार्यक्रमबाट पशुपालक कृषक, कृषक समुहहरुलाई उन्नत जातको गाईभैंसी मार्फत दुध उत्पादकत्वमा वृद्धि गरी आयआर्जनमा सुधार गर्नेछ।

(३) यो कार्यक्रमले गण्डकी गाउँपालिका भित्र रहेका पशुपालक कृषक समुह, सहकारी तथा व्यक्तिगत व्यवसायिक गाईभैंसीपालक फर्महरुलाई मुर्रा जातको गाईभैंसी पालन गरी उत्पादनमा सहयोग गर्नेछ।

## परिच्छेद-२

## पशुपालन प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया

**५. सूचना प्रकाशन**ः लक्षित वर्ग तथा समुहलाई लक्षित गरी पालिकाले यस कार्यक्रम सञ्चालनको लागि १५ दिने सूचना प्रकाशन गरी माग संकलन गरिने छ।

**५.१ लक्षित वर्ग तथा समुहः** (१) पशुपालक कृषक, समुह, सहकारी, दलित, पिछडिएका, आदिवासी, महिला, विपन्न वर्ग र विस्थापित समुदाय लगाएत यस गण्डकी गाउँपालिकामा पशुपालन व्यवसायी संचालन गरी बसेका कृषकलाई लक्षित गरिनेछ।

(२) लक्षित वर्ग समावेशका लागि कार्यक्रम लाभग्राही सर्वेक्षणबाट छनौट भएका लाभग्राहीहरु मध्ये पशुपालनलाई आयआर्जनको श्रोतको रुपमा लिई नश्ल सुधारका लागि इच्छुक कृषकहरुलाई प्राथमिकता दिइनेछ।

(३) कृषक समुह, सहकारी, व्यक्तिगत फर्म गाउँपालिकाको कार्यालयबाट दर्ता गर्नु पर्ने साथै अनिवार्य रुपमा समुहको नामबाट बैंक खाता खोल्नु पर्नेछ।

(४) कृषक समुह तथा लक्षित कृषक वर्गलाई कार्यक्रम बारे अभिमुखिकरण गराइनेछ।

(५) गाईभैंसी पालन प्रवर्द्धन कार्यक्रम कृषक, कृषक समुहहरुको निम्न लिखित विवरणहरु संकलन गरी कार्यक्रम अनुरुपको समुह/कृषकको माग सङ्कलन गर्नु पर्नेछ।

(क) उन्नत गाईभैंसीपालन सम्बन्धी विवरण

(ख) उपयुक्त घाँस काट्ने मेसिन माग सम्बन्धी विवरण

(ग) उत्पादित दुधको विक्रि योजना

(घ) समुह/ कृषकहरुलाई आवश्यक तालिमको विवरण

(ङ) आवश्यक अन्य विविध विवरण

**६. प्रस्ताव पेश गर्नेः** कार्यक्रममा सहभागि हुन इच्छुक आवेदकले यस कार्यालयले तोकेको ढाँचा बमोजिमको आवश्यक कागजातहरु, अनुसूचि-१ बमोजिमको आवेदन पत्र, अनुसूचि-२ बमोजिमको प्रतिवद्धता पत्र, अनुसूचि -३ बमोजिमका कार्ययोजान विवरण, अनुसूचि-४ बमोजिमको स्व-घोषणा पत्र र सूचनामा माग बमोजिम आवश्यक कागजात पेश गर्नुपर्नेछ।

**७. कार्यक्रम सञ्चालनः**(१) यस कार्यक्रम गण्डकी गाउँपालिकाका सम्पूर्ण वडाहरुमा सञ्चालन हुनेछ।

**८. अनुदान प्रतिशत र सीमाः**(१) कुल लागतको बढिमा ७५ प्रतिशत अनुदान र कम्तिमा २५ प्रतिशतको लागत साझेदारी सम्बन्धित साझेदारले गर्नुपर्नेछ।

(२) विगतका वर्षहरुमा सोहि प्रकृतिका कार्यक्रमहरु सञ्चालनका लागि कुनैपनि सरकारी निकायबाट अनुदान प्राप्त गरेका आवेदकहरु सोहि प्रकारका कार्यक्रममा प्राथमिकतामा राखिने छैन।

**९. सम्झौताः** छनौट भएका आवेदकहरुसँग गाउँपालिका कार्यालयले अनुसूचि-५ बमोजिमको सम्झौता गर्नेछ।

**१०. भैंसी पाडी वितरणः**(१) लाभग्राही कृषकले फर्म यस गाउँपालीकाको कार्यलयबाट दर्ता गरि दर्ता प्रमाण पत्र लिएको हुनुपर्नेछ।

(२)लागत साझेदारीमा गाईको बाछी भैंसीको पाडी अनुदान वितरण गर्नका लागि कृषकहरुले अनुसूची-१ बमोजिमको आवेदन साथै आवश्यक कागजात संलग्न गरि पेश गर्नुपर्नेछ।

(३) गाईको बाछी भैंसीको पाडी खरिदको लागि विशेषज्ञ निकायको राय माग गरि बजेटको सीमा भित्र रहने गरि उन्नत जातको बाछी/ पाडी (मुर्रा/मुर्रा क्रस), उमेर, तौल, स्वास्थ्य अवस्था, खोप तथा रोग परिक्षण स्थिति, उत्पादन क्षमता (आमाको दूध उत्पादन विविरण), शारिरिक बनावट, गर्भाधान/प्रजनन् अवस्था, बीमा तथा ढुवानी मापदण्ड लगायतका प्राविधिक विविरण समेटिएको स्पेसिफिकेसन तयार गरिने छ।

(४) विशेषज्ञ निकायबाट प्राप्त स्पेसिफिकेसनका आधारमा लागत अनुमान तयार गरि विधुतीय माध्यमबाट बोलपत्र आह्वान गरिनेछ।

(५) उक्त पशु खरिद कार्य प्रचलित सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ नियम ३१को उपनियम १ र गण्डकी गाउँपालिका सार्वजनिक खरिद नियमावली २०७७ को नियम ३२को उपनियम १ बमोजिम गरिनेछ।

(६) पशु खरिद पश्चात माग स्पेसिफिकेसन अनुसारको भए/नभएको जाँच गर्ने कार्यका लागि विशेषज्ञ निकायका प्राविधिकलाई विशेषज्ञका रुपमा बोलाइनेछ र विशेषज्ञले परिक्षण पश्चात दिएको प्राविधिक रिपोर्टलाई आधार मानेर गाईको बाछी भैंसीको पाडी माग अनुसार भए/नभएको यकिन गरिनेछ।

(७) आवेदन पश्चात छनौट भएका कृषकहरुलाई २५ देखी ७५ प्रतिशत सम्म लागत साझेदारीमा गाईको बाछी भैंसीको पाडी वितरण गरिने छ।

(९) आवेदन माग सङ्ख्या कम भएको अवस्थामा बाहेक अन्यथा प्रत्येक कृषक परिवारलाई १ वटा भन्दा बढी गाईको बाछी भैंसीको पाडी अनुदान वितरण गरिने छैन।

(१०) कृषकसँग गाईभैंसी पालनको लागि उपयुक्त गोठ साथै पशु आहाराको लागि उचित व्यवस्था हुनुपर्नेछ।

(११) लाभग्राही कृषकहरुले गाईको बाछी भैंसीको पाडीको हेरचाहमा भैपरी आउने खर्च स्वयंले नै गर्नुपर्नेछ।

(१२) लाभग्राही कृषक छनौट गर्दा अनुसूची-६ बमोजिमको स्कोरिङ प्रणाली लागु गरिनेछ र उच्च अंक प्राप्त गर्ने कृषकहरुलाई प्राथमिकतामा राखिनेछ।

(१३) गाईको बाछी भैंसीको पाडी अनुदान प्राप्त गर्ने कृषकहरुले गाईको बाछी भैंसीको पाडीको बीमा गरिसकेको हकमा बिमाको नविकरण र बीमा नभएको पशुको हकमा अनिवार्य बीमा गर्नुपर्नेछ।

**११. तालिम सञ्चालनः**

१. कृषकहरुलाई समुहको माग अनुसारको विषयमा गाईभैंसी पालन सम्बन्धी तालिम सञ्चालन गरिनेछ।

२. सञ्चालन गरिने तालिममा असल पशुपालन अभ्यास, पशु स्वास्थ्य, नश्ल सुधार, खोर सुधार, पशु आहारा व्यवस्थापन, डेरीजन्य वस्तु उत्पादन, बजारिकिकरण आदि सम्बन्धी तालिम विषयहरुलाई प्राथमिकता दिइनेछ।
३. तालिमका लागि कृषक र तालिको शीर्षक आवश्यकताका आधारमा छनौट गरिनेछ।
४. तालिमका लागि प्रशिक्षकको रुपमा सम्भव भएसम्म यसै गण्डकी गाउँपालिकाको कर्मचारी र सम्भव नभएमा विषय विज्ञका रुपमा अन्य निकायहरुबाट माग गर्न सकिनेछ।
५. कृषकहरुलाई खाजा/ खाना बाहेक तालिम भत्ता र यातायात खर्च उपलब्ध गराइने छैन।

**१२. डेरी सञ्चालनः**

**क) अनुदान रकम उपलब्ध हुने क्षेत्रः**

१. डेरी प्रशोधनका लागि दुग्ध चिसो राख्ने कोठा र दुग्ध संकलन कोठा सहितको भवन निर्माण र सुधार।
२. साना डेरी प्रशोधन केन्द्रमा प्रयोग हुने औजार उपकरणहरु जेनेरेटर, मिल्क एनलाईजर, मिल्क क्यान, डिप फ्रिज, चिलिङ् ट्याङ्क तथा दुग्धजन्य पदार्थ विविधिकरणको लागि आवश्यक पर्ने औजार उपकरणहरु खरिद गर्ने।
३. दुग्ध संकलन तथा ढुवानीका लागि आवश्यक पर्ने दुग्ध बोक्न मिल्ने सवारी साधन (बोलेरो पिक्अप, दुग्ध ट्याङ्कर, आदि) आवश्यकता अनुसार खरिद गर्न सकिने
४. विभिन्न जैविक सुरक्षाका विधि अवलम्बन गर्ने उपायहरु

**ख) कार्यक्रम सञ्चालन प्रक्रियाः**

५. आ.व. २०८२/०८३ मा यस गण्डकी गाउँपालिका भित्र न्यूनतम १०० लिटर दुग्ध उत्पादन गर्ने सहकारी संस्था वा कृषक समुहसँग २५ प्रतिशत लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।
६. डेरी सञ्चालन कार्यक्रम सञ्चालन गर्न इच्छुक साझेदार संस्थालाई १५ दिनको समय दिई अनुसूची १ बमोजिमको सुचना प्रकाशन गरिनेछ।
७. दफा (५) बमोजिमको समय अवधि भित्र साझेदारी गर्न ईच्छुक संस्थाले सम्बन्धित वडा कार्यालयले दिएको सिफारिस पत्र बमोजिमको लागत साझेदारी गर्ने अनुसूची २ बमोजिमको प्रतिवद्धता पत्र र अनुसूची ३ बमोजिमको कार्यायोजना तयार गरि पेश गर्नुपर्नेछ।

**१३. घाँस काट्ने मेसिनः**

१. यस कार्यविधि बमोजिम यान्त्रीकीकरण अनुदान वितरण गर्नको लागि गाउँपालिकाले इच्छुक कृषकहरुबाट घाँस काट्ने मेसिन मागको प्रस्ताव पेश गर्न १५ दिनको समय दिई सार्वजनिक सूचना गर्नेछ। गाउँपालिकाले यस्तो सूचना बेवसाइटमा राख्ने व्यवस्था मिलाउनुको साथै सम्पूर्ण वडा कार्यालयमा समेत टाँस गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

२. घाँस काट्ने मेसिन अनुदान प्राप्त गर्न चाहने कृषकहरुले तोकिएको मिति भित्र गाउँपालिकामा आफूलाई आवश्यक अनुदानको विवरण सहित अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ।

३. घाँस काट्ने मेसिन अनुदान हस्तान्तरण गर्दा देहाय बमोजिमको कृषक, दुग्ध समुह, सहकारी संस्थालाई प्राथमिकता दिईनेछ।

४. पशुपालन सम्बन्धी तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गरेको।

५. स्वदेशी श्रम, सिप तथा स्थानीय स्रोत साधनहरुको उपयोग गरी सञ्चालन भएका पशुपालन व्यवसाय।

६. महिला, दलित, लोपोन्मुख, सिमान्तिकृत चेपाङ समुदाय, आर्थिक एवं सामाजिक दृष्टिले पछाडि परेका कृषक।

७. कृषकको आवश्यकता र यसबाट सिर्जना हुने रोजगारीका आधारमा २५ प्रतिशत लागत साझेदारीमा अनुदान सामाग्री/रकम उपलब्ध गराईनेछ।

८. अनुदान कार्यक्रमका लागि छनौट भएका कृषकबाट सम्झौता हुनुपूर्व जम्मा हुनुपर्ने लागत सहभागिता बापतको रकम गाउँपालिकाको खातमा जम्मा गरी भौचर पेश गर्नुपर्नेछ।

९. कृषकहरुले प्राप्त सामाग्रीको उचित सदुपयोग गर्नुपर्नेछ।

१०. अनुदान प्राप्त गरेको मितिले ३ वर्षसम्म अरुलाई हस्तानतरण गर्न पाईने छैन, सो भन्दा अगावै हस्तान्तरण वा विक्री वितरण गरेमा वा सम्झौता बमोजिम अनुदानको उपयोग नगर्ने कृषकलाई प्रचलित कानुन बमोजिम कारवाही गरी सरकारी बाँकी सरह असुल उपर गरिने र त्यस्ता कृषकलाई यस कार्यक्रमबाट वञ्चित गरिनेछ।

## परिच्छेद-३
## अनुगमन, मुल्याङ्कन तथा अभिलेख

**१३.छनौट तथा मुल्याङ्कन समितिः**

१. रित पूर्वक पेश हुन आएका आवेदकहरुको आधारमा सम्बन्धित शाखाको अनुगमन प्रतिवेदनको आधारमा देहाय बमोजिमको छनौट समितिले प्राथमिकिकरण तथा छनौट गर्नेछ।

क. गाउँपालिका अध्यक्ष- संयोजक

ख. गाउँपालिका उपाध्यक्ष- सदस्य

ग. प्रशासकीय अधिकृत- सदस्य

घ. योजना शाखा प्रमुख- सदस्य

ङ. गाउँपालिका पशु सेवा शाखा प्रमुख- सदस्य सचिव

२. गठित छनौट तथा मुल्याङ्कन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र प्रस्तावको मुल्याङ्कन गर्दा अनुसूची-६ बमोजिमका मूल्याङ्कनका आधारहरु बमोजिम गर्नुपर्नेछ।

३. मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु मूल्याङ्कन गरी क्रमशः बढी अंक प्राप्त गर्ने प्रस्तावहरु स्वीकृत गर्नु पर्नेछ।

४. मूल्याङ्कन समितिले प्राप्त प्रस्तावहरु मूल्याङ्कनका सिलसिलामा आवश्यकता अनुसार अनुगमन निरिक्षण गराई प्रतिवेदन लिन सक्नेछ।

**१४. अनुगमन तथा निरिक्षण व्यवस्थाः (१) अनुगमन समितिः** यस कार्यक्रमको अनुगमनका लागि देहाय बमोजिमको अनुगमन समिति रहनेछ।

क. गण्डकी गाउँपालिका उपाध्यक्ष- संयोजक

ख. प्रमुख प्रशासकीय अधिकृत-सदस्य

ग. आर्थिक प्रशासन शाखा प्रमुख-सदस्य

घ. पशु सेवा शाखा प्रमुख-सदस्य सचिव

(२) यस कार्यविधि अनुसार सञ्चालन गरिएका कार्यक्रमहरुको अनुगमन तथा निरिक्षणको मुख्य जिम्मेवारी गण्डकी गाउँपालिका अनुगमन समिति, सम्बन्धित पशु सेवा शाखा, सम्बन्धित वडा कार्यालय सँग संयुक्त अनुगमन गर्न सकिनेछ।

(३) यस कार्यविधि अनुसार उपलब्ध गराईने अनुदान सदुपयोग भए नभएको बारेमा अनुगमन समितिले जुनसुकै समयमा अनुगमन तथा निरिक्षण गर्ने र मूल्याङ्कन गरी प्रतिवेदन दिन सक्नेछ। अनुदान दुरुपयोग भएको पाइएमा मूल्याङ्कन समितिले कार्बाहीका लागि सिफारिस गर्न सक्नेछ।

## परिच्छेद-४

## विविध

**१५. आर्थिक पक्षः** (१) यस कार्यविधि अन्तर्गत सञ्चालन गरिने सम्पूर्ण कार्यक्रमहरुको आर्थिक तथा कार्यक्रम कार्यान्वयन अनुसार व्यवस्था भए बमोजिम हुनेछ। सम्झौता भएका आवेदकहरुले सम्झौता बमोजिमको कार्य सम्पन्न गरिसकेछि आवश्यक विल भर्पाई, कार्य सम्पन्न प्रतिवेदन तथा अन्य आवश्यक कागजात पेश भएपछि प्रचलित ऐन, नियमावलीको अधिनमा रहि समुह, सहकारी तथा कृषकको बैंक खाता मार्फत भुक्तानी गर्नुपर्नेछ।

(२) लागत साझेदारी मार्फत सञ्चालन गरिने कार्यक्रमको हकमा लाभग्राही कृषक/फर्म/कृषक समुहले अनुदान (गाई भैंसी बाछी/पाडी, डेरी सञ्चालन तथा ढुवानी सामाग्री, घाँस काट्ने मेसिन आदि) वस्तु/सामाग्री प्राप्त गर्नु अगावै पर्न आउने लागत रकम जम्मा गरिसकेको प्रमाण पशु सेवा शाखामा पेश गर्नुपर्नेछ।

**१५. गुनासो तथा उजुरीः** (१) यस कार्यक्रम सञ्चालन सँग सम्बन्धित कुनै किसिमका उजुरी वा गुनासोहरु गण्डकी गाउँपालिका कार्यपालिकाको निर्णय र प्रचलित नियमानुसार व्यवस्थापन गरिनेछ।

**१६. अमान्य हुनेः** (१) यस कार्यविधिमा उल्लेख भएका कुरा मुख्यमन्त्री नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि २०८२ र प्रचलित कानूनसँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ।

**१७. प्रचलित कानून बमोजिम हुनेः** (१) यस कार्यविधिमा उल्लेख भएका विषयहरु सोही अनुसार हुने र उल्लेख नभएका विषयहरुको हकमा विद्यमान प्रचलित ऐन, कानुन, नियम बमोजिम हुनेछ।

**१८. बाधा अड्काउ फुकाउनेः** (१) यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाको बैठकले बाधा अड्काउ फुकाउन सक्नेछ।

**१९. खारेजी तथा संशोधनः** गाउँपालिकाको आवश्यकता अनुसार यो कार्यविधिमा संशोधन तथा खारेजी गर्न सक्नेछ।

**अनुसूची-१**

**आवेदन- पत्र**

मितिः

श्रीमान् कार्यलय प्रमुख ज्यू,
गणडकी गाउँपालिकाको कार्यालय
भुम्लिचोक, गोरखा।

विषयः अनुदान सहयोग उपलब्ध गराई दिने बारे।

महोदय,

प्रस्तुत विषयमा मिति .................. गते प्रकाशित सूचना अनुसार मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत पशुपालन प्रवर्द्धन कार्यक्रमका लागि ...............................को.........प्रतिशत लागत साझेदारीमा अनुदानका लागि दरखास्त माग भए बमोजिम पशुपालन प्रवर्द्धन कार्यक्रममा सहभागी हुन ईच्छुक भएकोले सूचनामा खुलाइएको तपसिल बमोजिमको आवश्यक कागजात राखी निवेदन पेश गर्दछु। अनुदान सहयोग प्राप्त भएमा शर्त अनुसार कार्य गर्ने प्रतिबद्धता समेत जाहेर गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

तपसिलः

१. अनुसुचि-१ बमोजिमको आवेदन पत्र।
२. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि।

**निवेदकः**

नामः
ठेगानाः
मोबाइल नंः
दस्तखतः

## अनुसूची-२
## प्रतिबद्धता पत्र

गण्डकी गाउँपालिकाको मिति ......................को सूचना अनुसार मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत पशुपालन प्रवर्द्धन कार्यक्रममा सहभागीताको लागि इच्छुक भई सोको प्रस्ताव सहितको आवेदन पेश गरेको/छु/छौं। उक्त कार्यक्रममा छनौट भएमा आवेदन/कार्ययोजनामा र सम्झौतामा उल्लेखित शर्तहरु बमोजिमको कार्य गर्नेछु। आवेदन/कार्ययोजना अनुसारको कार्य नगरेमा गण्डकी गाउँपालिकाबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं। अन्यथा प्रचलित कानुन बमोजिम सहुँला/बुझाउँला। साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकरात्मक असर नपुग्ने नपुर्याउने प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं।

<u>साझेदारको तर्फबाट</u>

नामः

ठेगानाः

दस्तखतः

सम्पर्क नंः

मितिः

संस्थाको छापः

| दायाँ | बायाँ |
| --- | --- |
| | |

GANDAKI RURAL MUNICIPALITY
गण्डकी गाउँपालिका

## अनुसूची-३
## कार्ययोजना विवरण

१. व्यवसायको परिचयः

२. उद्देश्यः

३. पशुपालन व्यवसायमा अनुभवः

४. व्यवसाय सञ्चालन गरिने स्थानको संक्षिप्त विवरणः

५. व्यवसाय सञ्चालनका लागि रहेका पूर्वाधारहरुको विवरणः

६. साझेदारीमा सञ्चालन गरिने प्रस्तावित कार्यविविरणः (रकम रु. हजारमा)

| सि.नं. | कार्यक्रम विवरण | अनुदान | स्वलगानी | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | गाईभैंसी खरिद | | | | |
| २. | डेरी सञ्चालन सामाग्री | | | | |
| ३. | घाँस काट्ने मेसिन | | | | |

७. साझेदारीमा गाईभैंसी प्रवर्द्धनगर्ने आवेदकले न्यूनतम अनुदान रकम र स्वलगानी रकम प्रस्तावित कार्ययोजनामा समावेश गर्नुपर्नेछ।

८. अपेक्षित वार्षिक प्रतिफलः

आवेदन पेश गर्ने साझेदारकोः

निजि फर्म/समुह/सहकारीको नाम...........................................................................................

सम्पर्क नं...........................गाउँपालिका.........................................वडा नं. .......

गाउँ टोल............................ पशुपालन गरिने स्थानः.........................................

आवेदकको तर्फबाट सही गर्नेकोः

नामः

दस्तखतः दायाँ बाया

मितिः

औँठा/ संस्थाको छापः

GANDAKI RURAL MUNICIPALITY

## अनुसूची-४
## स्वःघोषणा पत्र

श्रीमान् कार्यालय प्रमुख ज्यू,
गण्डकी गाउँपालिका,
भुम्लिचोक, गोरखा।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति .................. का सूचना अनुसार ..................ले पशुपालन प्रवर्द्धन कार्यक्रममा प्रस्ताव पेश गरेको हुँदा तपसिलका बुँदाहरुमा प्रतिबद्धता व्यक्त गर्दछु/छौं। यदि यस स्वःघोषणामा केहि झुठ पाइएमा प्रचलित कानुन बमोजिम सजायको भागिदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/छौं।

तपसिलः

१. यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनै प्रतिकुल असर गर्ने छैन।
२. कुनैपनि वित्तिय संस्था वा सरकारी निकायको कालोसूचीमा परेको छैन।
३. विगतका आर्थिक वर्षहरुमा सोही प्रकृतिका कार्यक्रमहरु सञ्चालनका लागि कुनैपनि सरकारी निकायबाट अनुदान प्राप्त गरको छैन।

आवेदकको नामः
व्यवसायको परिचयः
ठेगानाः
सम्पर्क नं.
समुह/सहकारीको नामः
समुह/सहकारीको छापः
समुह/सहकारीमा आबद्ध किसानहरुको नामः

| दायाँ | बायाँ |
| --- | --- |
| | |

## अनुसूची-५
## सम्झौता-पत्र

आ.व……………मा सञ्चालन हुने पशुपालन प्रवर्द्धन कार्यक्रमको लागि गण्डकी गाउँपालिकाको कार्यालय, भुम्लिचोक, गोरखा (यस पछि प्रथम पक्ष मानीनेछ) र छनौट भएका कृषक/कृषक समूह/फर्म/सहकारी……………………….(यस पछि दोश्रो पक्ष मानिनेछ) बीच तपसिलका शर्तनामाको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको छ।

<u>शर्तनामाहरु:</u>

१. दोश्रो पक्षले आवेदन/कार्ययोजना बमोजिम गाईको बाछी भैंसीको पाडी खरिद/डेरी सञ्चालन तथा ढुवानी सामाग्री/ घाँस काट्ने मेसिन अनुदान प्रथम पक्षबाट लागत साझेदारीमा प्राप्त गर्नेछ।
२. प्रथम पक्षले बुँदा नं. १ बमोजिमको कार्यका लागि…………….अनुदान दोश्रो पक्षलाई उपलब्ध गराउनेछ।
३. दोश्रो पक्षले अनुदान वस्तु/सामाग्री बुझ्नु अगावै लागत साझेदारीमा पर्न आउने रकम जम्मा गरि रकम जम्मा गरेको प्रमाण पेश गर्नुपर्नेछ।
४. दोश्रो पक्षले प्रथम पक्षबाट आवश्यक प्राविधिक जानकारी प्राप्त गरी आफुले आवेदन गरे अनुसारको कार्यक्रम सञ्चालन गर्नेछ।
५. दोश्रो पक्षले कार्यक्रम सञ्चालन गरे/नगरेको प्रथम पक्षले अनुगमन गर्नेछ।
६. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वमंको हुनेछ।
७. दोश्रो पक्षले प्रस्ताव साथ पेश गरेको कार्ययोजना बमोजिमको कार्य मुल्याङ्कन गरि प्राप्त प्रतिवेदनको आधारमा स्वीकृत अनुदान घट्न सक्ने छ।
८. गाई/भैंसी, बाछी/पाडी अनुदान लिई सकेपछि कम्तीमा २ वर्ष सम्म गाई भैंसीको संख्या घटाउन पाईने छैन।दोश्रो पक्षले कार्ययोजना अनुसार काम नगरेको अवस्थामा सोको सम्पूर्ण जिम्मेवारी बहन गर्नुपर्नेछ।
९. यो सम्झौता चालु आ.व. …………… को लागि मात्र हुनेछ।
१०. यस सम्झौतामा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

| प्रथम पक्षः | दोश्रो पक्षः |
|---|---|
| कार्यालयको तर्फबाटः | कृषक/साझेदार समुह/फर्मः |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| सम्पर्क नं.: | सम्पर्क नं.: |
| कार्यालयको छापः | संस्थाको छापः |
| रोहवर | रोहवर |

**अनुसूची-६**

**लाभग्राही मूल्याङ्कन अंक प्रणाली**

(१) गाईको बाछी भैंसीको पाडी वितरण कार्यक्रमका लागि लाभग्राही छनौट गर्दा देहाय बमोजिम अंक प्रदान गरिनेछ।

(२) कुल प्राप्त अंकको आधारमा उच्च अंक प्राप्त गर्ने लाभग्राहीलाई प्राथमिकता दिइनेछ।

| सि.नं. | मापदण्ड | अधिकतम अंक |
|---|---|---|
| १ | दलित समुदाय/ सिमान्तकृत चेपाङ समुदाय/ विपन्न परिवार | २० |
| २ | महिला | १५ |
| ३ | युवा उद्यमी (१८–४० वर्ष भित्र) | २० |
| ४ | व्यवसायिक पशुपालन गर्ने कृषक | १५ |
| ५ | सहकारी/समूह आबद्ध | १० |
| ६ | पशु शाखाबाट अघिल्लो वर्ष अनुदान नलिएको | १० |
| ७ | गोठ तथा पूर्वाधार व्यवस्था | ५ |
| ८ | घाँस/आहारा व्यवस्था | ५ |
| | जम्मा | १०० |

**स्कोरिङ व्याख्या**

**१. दलित / सिमान्तकृत / विपन्नः** सम्बन्धित निकायको प्रमाणको आधारमा अंक प्रदान गरिनेछ।

२. **महिलाः** घरमूली महिला वा व्यवसाय महिला नाममा भए पूर्ण अंक।

**३. युवा उद्यमीः** १८–४० वर्ष उमेर समूह।

**४. व्यवसायिक पशुपालनः** कम्तीमा २ वटा भैंसी वा व्यवसायिक गोठ।

**४. अनुदान इतिहासः** पछिल्लो ३ वर्षमा पशु शाखाबाट अनुदान नलिएको।

आज्ञाले

तुलसी राम आचार्य

प्रमुख प्रशासकीय अधिकृत